"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

# प्रेस विज्ञप्ति

मितिः २०८२/०७/१४

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ अक्टोबर, २०२५ (कार्तिक १४, २०८२) मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. ०।०३ र हवाई इन्धनमा प्रति लिटर रु. ०।८६ ले बढेर तथा प्रति लिटर डिजेलमा रु. १।१९ ले घटेर आएको छ। निगम सञ्चालक समितिको मिति २०८२/०७/१४ को निर्णयानुसार ०१ नोभेम्बर, २०२५ (मिति २०८२/०७/१५) को बिहान ००:०१ बजेदेखि लागू हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर डिजेल/मट्टितेलमा प्रति लिटर रु. १।०० ले घटाईएको तथा हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर रु. १।०० र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ काठमाडौंको लागि प्रति किलोलिटर अमेरिकी डलर ७ ले बढाईएको छ भने हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाको लागि Breakeven Point बिक्री मूल्य कायम गरिएको छ। साथै, पेट्रोलको बिक्री मूल्य यथावत राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८२/०७/१५ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | डिजेल/मट्टितेल | १४२।५० | १४४।०० | १४५।०० | १४१।५० | १४३।०० | १४४।०० |
| २. | हवाई इन्धन (आन्तरिकतर्फ) | १२७।०० | | | १२८।०० | | |
| २. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | काठमाडौं | पोखरा | भैरहवा | काठमाडौं | पोखरा | भैरहवा |
| | | $ ९६६ | $ ७७२ | $ ७५९ | $ ९७३ | $ ८०३ | $ ७९० |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद।

प्रवक्ता